15Kathmandu-pg1-0.qxd 4/15/2007 11:43 PM Page 1

पृष्ठ ९
**कम्प्युटरमै किताब**
भक्तपुरमा खुल्यो इ-पुस्तकालय



**मै छोरी सुन्दरी**
बालबालिकाद्वारा कौरा नाच
पृष्ठ १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

काठमाडौं, विराटनगर र भरतपुरबाट एकैसाथ प्रकाशित

वर्ष १५ अंक ५७ काठमाडौं | ३ वैशाख २०६४ सोमबार वैशाख कृष्णपक्ष चतुर्दशी | नेपाल संवत् ११२७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily,Monday, April 16, 2007 | www.ekantipur.com | पृष्ठ ८+१० | ५ रुपैयाँ

## छोटकरी

### फोरम र महासंघलाई पत्र

काठमाडौं (कास)- सरकारी वार्ता टोलीले आदिवासी जनजाति महासंघ र मधेसी जनअधिकार फोरमलाई वार्ताका लागि पत्राचार गरेको छ । महासंघले बन्द कार्यक्रम स्थगन गरेको छ ।

टोली संयोजक शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेलले महासंघ र फोरम दुवैलाई आइतबार पत्र पठाई औपचारिक रूपमा अनुरोध गरिएको जानकारी कान्तिपुरलाई दिए । जनजाति महासंघका पदाधिकारीसित औपचारिक/अनौपचारिक सम्पर्क भइरहेको र आपसी सरसल्लाहमा छिट्टै वार्ताको दिन तय हुने पनि उनले बताए ।

फोरमका पदाधिकारी 'टाढा रहेकाले' सम्पर्क नभएको र उसले पहिले बनाएको वार्ता टोलीका संयोजक र सदस्यसित सम्पर्क गर्ने कोसिस भइरहेको जानकारीसमेत पौडेलले दिए ।

जनजाति महासंघले तेस्रो चरणको आन्दोलनअन्तर्गत सोमबारदेखिको अनिश्चितकालीन उपत्यका नाकाबन्दी कार्यक्रम स्थगन गरेको छ ।

महासंघसहित विभिन्न जनजाति संगठनले आइतबार संयुक्त विज्ञप्ति जारी गरी सरकारी वार्ता टोली, मानव अधिकारवादी र नागरिक समाजको अनुरोधमा नाकाबन्दी स्थगनको निर्णय गरेको जनाएको छ ।

महासंघ, जनजाति संयुक्त संघर्ष समिति, जनजाति महिला महासंघ, जनजाति विद्यार्थी संघ र जनजाति युवा संगठनले विज्ञप्तिमा वार्ताका नाममा सरकारले अल्मलाउने काममात्र गरेमा सशक्त आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् । 'सरकारले हामीलाई अल्मलाउने र झुलाउने कार्य गरे वार्ता भंग गरी सशक्त आन्दोलनमा उत्रन्छौं,' विज्ञप्तिमा भनिएको छ ।

यसैबीच नेपाली कांग्रेसले वैशाख ८ गते जनकपुरमा हुने जनसभालाई अवरोध पुग्ने भएकाले फोरमलाई तीनदिने तराई बन्द कार्यक्रम फिर्ता लिन आइतबारै आग्रह गरेको छ । कांग्रेस केन्द्रीय कार्यालयले वक्तव्यमार्फत वार्ताबाट सबै समस्या समाधान गर्न सकिने विश्वास व्यक्त गरेको छ । कांग्रेसले प्रधानमन्त्रीसहितबाट सम्बोधन हुने गरी जनकपुरमा जनसभा तीन साताअघि घोषणा गरेको थियो ।

### जनआन्दोलन नागरिक सभा हुने

काठमाडौं (कास)- जनआन्दोलन उत्कर्षमा पुगेको स्मरणमा आगामी वैशाख ११ गते वसन्तपुरमा 'बृहत् नागरिक सभा' आयोजना हुने भएको छ । लोकतन्त्र दिवस आयोजक समितिले कार्यक्रम गर्न लागेको हो ।

**विश्वकप क्रिकेट २००७**

बंगलादेशविरुद्ध आयरल्यान्ड

आयरल्यान्ड पहिलो इनिङमा २४३/७





दाङमा नेपाल टेलिकमको अप्टिकल फाइबर बिछ्याइँदै । जमिनमुनि पाइप बिछ्याई ध्वनि तरंग पठाउने यो प्रविधि प्रयोगले टेलिफोन गुणस्तरीय र प्रभावकारी हुन्छ । दुई महिनाभित्र पूर्व-पश्चिम राजमार्गमा यो बिछ्याइसकी टेलिफोनका सबै समस्या समाधान गर्ने टेलिकमले जनाएको छ । *तस्बिर : सुदर्शन रिजाल/कान्तिपुर*

# कर्णाली राजमार्ग बन्यो

■ **मोतीलाल पौडेल**

सुर्खेत, २ वैशाख- कर्णाली अञ्चलमा सडक यातायात पुर्‍याउने सरकारको महत्त्वाकांक्षी योजना १४ वर्षपछि सम्पन्न भएको छ ।

सडकले सुर्खेतबाट जुम्लाको सदरमुकाम खलंगा जोडेपछि योजना साकार भएको हो । यही बाटोबाट चैत ३० गते साना सवारीहरू खलंगा पुर्‍याइए । यी सवारीसँगै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष जगदीशचन्द्र पोखरेलसहितको टोली पनि गएको थियो ।

कर्णालीका बासिन्दालाई सडक यातायात सेवा पुर्‍याई राष्ट्रको मूलप्रवाहमा जोड्ने योजनाअनुरूप २०४८ सालमा सरकारले आफ्नै स्रोतसाधनबाट निर्माण थालेको थियो । २ सय ३२ किलोमिटर सडक निर्माणपछि यस भेगका बासिन्दा प्रत्यक्ष लाभान्वित भएका छन् । छिमेकी जिल्ला मुगु र सुदूरपश्चिमको बाजुरावासीलाई पनि सुविधा पुग्नेछ ।

यो खण्डको १ सय १२ किलोमिटर ०५७ सालमै सकिएको थियो । बाँकीलाई बजेट अभाव र माओवादी द्वन्द्वले केही ढिलाइ भयो । सुरक्षाका कारण विस्फोटक पदार्थ प्रयोग गर्न नपाएपछि समस्या परेको थियो । सेनाले लिएपछि सडक निर्माणमा तीव्रता आएको हो ।

त्यसपछि पनि माओवादीले सेनाको पिलीस्थित क्याम्पमा ०६२ साउनमा आक्रमण गरेपछि पाँच महिना बन्द हुन पुग्यो । सेनाले जिम्मा लिएकोमध्ये सबैभन्दा अप्ठ्यारो खण्डको ट्र्याक खोल्ने काम पूरा भएपछि जुम्लासम्म गाडी सञ्चालन भएको हो । अप्ठ्यारो क्षेत्र सदरमुकामदेखि ३६ किलोमिटर टाढा थियो ।

'साना गाडी चल्न सक्ने ट्र्याक पूरा भएको छ,' सुर्खेत-जुम्ला सडक योजनाका प्रमुख पूर्णसिद्धिलाल श्रेष्ठले भने- 'सडकको मोड तथा ग्रेड सुधारको काम भने जारी छ, यो सकिएपछि ठूला गाडी पनि चलाउन सकिन्छ ।' उनले तीन महिनाभित्र यो सकिने बताए । सडकको सुधारसँगै नाग्मगाड नदीको काठे पुलमा बेलिब्रिज निर्माण गरिने उनले जानकारी दिए ।

निर्माणका लागि अढाई अर्ब रुपैयाँ विनियोजन गरे पनि हालसम्म १ अर्ब ६८ करोड रुपैयाँमात्र खर्च भएको सडक कार्यालयले जनाएको छ । श्रेष्ठका अनुसार राजमार्गको शून्यदेखि १ सय ३५ किलोमिटर खण्ड कालोपत्रेका लागि विस्तृत सर्भे गर्न कन्सल्टेन्टसमेत नियुक्त गरिसकिएको छ । कालोपत्रे गर्न विश्व बैंकले ७० करोड दिने भएको छ ।



कर्णाली राजमार्गको लक्ष्य पूरा गर्न जुम्लाको नाग्म हुँदै मुगुको गमगढी जोड्ने र खलंगा हुँदै डोल्पा जोड्ने सडक सर्भे गर्ने काम सुरु गर्न लागिएको योजना प्रमुख श्रेष्ठले बताए ।

सडक बनेपछि अब खाद्यान्न समस्या समाधान हुनेमा कर्णालीवासीको विश्वास छ । यहाँको महत्त्वपूर्ण नगदे खेती स्याउले बजार पाउनेछ । सडक नहुँदा यहाँ उत्पादित स्याउ, सुन्ताला, ओखर, आलु सिमीलगायतले बजार पाउन सकेका थिए । अब आर्थिक स्थितिमा उल्लेख्य सुधार आउने कर्णालीवासीको विश्वास छ ।

इरानद्वारा आणविक भट्टी खोल्न बोलपत्र
पृष्ठ १२

हस्तकला निर्यात घट्यो
पृष्ठ १३

# विश्व बैंकबाट काबेलीमा लगानी

■ **विकास थापा**

काठमाडौं, २ वैशाख- विश्व बैंकले तेह्र वर्ष पुरानो 'ऊर्जा विकास कोष' बाट निजी क्षेत्रमार्फत जलविद्युत् परियोजना कार्यान्वयन थालेको छ । त्यसका लागि ३० मेगावाटको काबेली परियोजना छानिएको छ ।

बैंकले अरुण-३ मा लगानी नगर्ने ०५१ सालमा निर्णय गरेलगत्तै ऊर्जा कोषमार्फत नेपाललाई सघाउने घोषणा गरेको थियो ।

काबेलीका लागि प्रस्ताव परेका दुई कम्पनीमध्ये उपयुक्त एकलाई निर्माण अनुमति दिन सरकारले अन्तिम मूल्यांकन गरिरहेको विद्युत् विकास विभागका उपमहानिर्देशक श्रीरञ्जन लाकौले बताए । 'हामी अरू काम छाडेर यसै (काबेली) मा लागिपरेका छौं, सकेसम्म छिटो निर्णय हुन्छ,' उनले आइतबार कान्तिपुरसित भने ।

उनका अनुसार काबेलीमा आवेदन परेका दुई कम्पनीको वित्तीय प्रस्ताव विभागले शुक्रबार खोलेको छ । काबेलीमा चीनको सिनो हाइड्रो र नेपालको बुटवल पावर कम्पनी (बीपीसी) को मात्र वित्तीय प्रस्ताव परेको थियो । सरकारले तोकेको प्राविधिक मापदण्डमा यी दुवै कम्पनी योग्य भएका थिए । डेढ वर्षअघि यिनका वित्तीय प्रस्ताव मागिएको थियो ।

शुक्रबार खोलिएको वित्तीय प्रस्तावमा बीपीसीले काबेलीबाट उत्पादित बिजुली विद्युत् प्राधिकरणलाई प्रतियुनिट ५ दशमलव ८ अमेरिकी सेन्ट (४ रुपैयाँ ६ पैसा) बेच्ने उल्लेख छ । उसको प्रतिस्पर्धी सिनो हाइड्रोको दर प्रतियुनिट ८ दशमलव ३४ (५ रुपैयाँ ८३ पैसा) रहेको विभाग स्रोतले बतायो ।

स्रोतका अनुसार बीपीसीले प्रस्ताव गरेको उक्त खरिद दरमा भ्याटबाहेक हो । बीपीसीले परियोजना सम्झौता भएको १० वर्षसम्म वार्षिक मूल्यवृद्धि ६ प्रतिशत प्रस्ताव गरेको छ । परियोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) २५ वर्षको छ ।

> **बैंकले अरुण-३ मा लगानी नगर्ने निर्णय गरेलगत्तै ऊर्जा कोषमार्फत सघाउने घोषणा गरेको थियो**

बीपीसीको प्रतिस्पर्धी सिनो हाइड्रोले प्रस्ताव गरेको मूल्यमा भ्याट समावेश छ । उसले सम्झौताको दसवर्षे अवधिमा मूल्यवृद्धि भने वार्षिक ६ प्रतिशतका दरले हुने उल्लेख गरेको छ ।

सरकारले कुन कम्पनीलाई काबेली बनाउन दिने भन्ने निर्णयको मुख्य आधार उक्त कम्पनीले विद्युत् प्राधिकरणलाई कतिमा बिजुली बेच्नेलाई लिएको छ । त्यसबाहेक कम्पनीका विभिन्न पक्षहरूको पनि विश्लेषण हुने विभागका आयोजना प्रवर्द्धन तथा निजीकरण महाशाखा प्रमुखसमेत रहेका उपमहानिर्देशक लाकौलले बताए । 'मुख्य सवाल पीपीए हो र पनि कम्पनीका अरू पक्षलाई पनि मूल्यांकन गरिनेछ,' ती अधिकारीले भने ।

जलस्रोत मन्त्रालय र विभागद्वारा संयुक्त रूपमा गठित समितिले खोलिएको प्रस्तावको मूल्यांकन गरिरहेको छ । मुलुकमा पहिलो पटक प्रतिस्पर्धाका आधारमा जलविद्युत् परियोजना काबेलीमाफत निर्माण हुन लागेको हो ।

छनोटमा परेको कम्पनीले कोषमार्फत परियोजनाको लागतको ४० प्रतिशत ऋण सहयोग पाउनेछ । कोषका लागि बैंकले सुरुमा ३ करोड ५० लाख अमेरिकी डलर (दुई अर्ब ४५ करोड रुपैयाँ) सरकारलाई ऋण दिएको छ । यसमा पहिलो चरणमा १० देखि ५० मेगावाटसम्मका र अर्को खण्डमा दस मेगावाटभन्दा मुनिका परियोजना निजी क्षेत्रलाई प्रतिस्पर्धाका आधारमा निर्माण गर्न दिने कार्यक्रम छ ।

# क्यानाडामा नेपाल नम्बर प्लेट

■ **दिनेश वाग्ले**

काठमाडौं- नेपालमा आधिकारिक रूपमा टोयोटाको कार भित्रिएको शनिबार ४० वर्ष पुगेको छ तर यो समाचार क्यानाडाको हो ।

त्यहाँको अल्बर्टा राज्यमा अचेल एउटा टोयोटा कोरोल्ला गुड्छ जसको पछाडिको नम्बर प्लेटमा अंग्रेजीमा 'नेपाल' लेखिएको हुन्छ । चालक सिटमा महादेवटार, काठमाडौंकी सुजाता पौडेल हुन्छिन् । उनलाई एडमन्टन सहरका सडकमा गाडी चलाउने अन्यले हल्का हर्न बजाएर उक्त प्लेट मन परेको संकेत गर्छन् ।

दुई वर्षअघि गंगालाल हृदयरोग केन्द्र छाडेर क्यानाडा पुगेपछि हालै अल्बर्टा स्टेट हस्पिटलमा काम थालेकी यी २६ वर्षे स्टाफ नर्सले स्वदेशको प्रचार गर्न यो उपाय अपनाएकी हुन् । 'नजिकै आएर तिमी नेपालबाट आएकी हौं ? भन्दै सोध्छन्,' इमेल वार्तामा सुजाताले कान्तिपुरसँग भनिन्- 'त्यतिबेला 'हो' भन्दा गौरवान्वित हुन्छु । कसै-कसैले नेपालबारे सोध्छन् ।'

हस्पिटलमा उनको नेपाल प्लेट देखेपछि प्रभावित एक डाक्टरले आगामी 'तलबी बिदा' मा नेपाल आउने निर्णय गरेका छन् ।

अमेरिकाका ५० र क्यानाडाका नौ राज्यले गाडीधनीलाई उनीहरूको डिजाइनको नम्बर प्लेट प्रयोग गर्न दिन्छन् । त्यस्तो प्लेट चालकले आफैं बनाउन पाउँदैनन् । 'गाडीधनीले चाहेअनुसार सरकारले प्रिन्ट गरिदिन्छ,' अमेरिकाको टेक्सासदेखि क्यानाडाको अल्बर्टासम्म कामको सिलसिलामा भ्रमण गरिरहने सुजाताका साथी प्रकाश पौडेलले भने- 'त्यो नक्कल हुन नपाओस् भनेर सुरक्षण विधि अपनाइएको हुन्छ । एउटा शब्द एउटा प्लेटमा मात्र प्रयोग गर्न पाइन्छ ।'





नम्बर प्लेटमा नेपाल लेखिएको आफ्नो कारसँग सुजाता ।

नक्कल गरे गैरकानुनी ठहरिन्छ । प्लेटमा गाडीधनीले चाहेको अक्षरबाहेक राज्यको नाम (अल्बर्टा), चिह्न (गुलाब), मन्त्र (वाइल्ट रोज कन्ट्री) लेखिएको हुन्छ । विशेष शब्द या अक्षरहरूको अनुरोध नभए सरकारले सामान्यतः तीन अक्षर, ड्यास र तीन अंक (एबीसी-७८९) दिन्छ ।

'नेपाल' शब्द सुजाताले मात्र प्रयोग गर्न पाउँछिन् तर नेपाली, एभरेस्ट या लुम्बिनीजस्ता शब्द सम्भवतः प्रयोगमा आएका छैनन् । अमेरिका र क्यानाडामा रहेका अन्य नेपालीलाई आफ्नो परिचय झल्काउने शब्द प्रयोगमा प्रोत्साहित गर्न खोजेको सुजाताले बताइन् । त्यस्तो प्लेट बनाउन अमेरिकामा एक सय डलर र क्यानाडामा त्यहींको दुई सय डलरजति पर्छ ।

अल्बर्टामा करिब दुई सय नेपाली छन् र त्यहाँ उनीहरूले नेपाली समाज स्थापना गरेका छन् । करिब १५ नेपाली परिवार आफ्नै घरमा बस्छन् भने बाँकी भाडामा । कार चलाउन रुचाउने नर्सले हालैको बिदामा पश्चिमी अमेरिकी राज्य क्यालिफोर्नियाको लङ बीचदेखि पूर्वी राज्य भर्जिनियासम्मको सात हजार दुई सय किलोमिटर पार गरिन् । 'यो प्लेटले मलाई अन्य नेपालीसँग चिनाजानी गराएको छ,' उनले भनिन् । प्रकाशका अनुसार टेक्ससमा केही नेपालीले प्लेटमा 'पोखरा', 'काठमाडौं' जस्ता शब्द लेखेका छन् । आफ्नो गाडीको प्लेट न हो, लेख्न के पाइँदैन । त्यसैले कतिपय अमेरिकी सहरमा राष्ट्रपति जर्ज डब्लू बुसप्रति कटाक्ष गर्ने सन्देश लेखिएका कारहरूसमेत दौडिन्छन् ।





**SCBNL घर कर्जा - जसबाट लिन सक्नु हुन्छ तपाईँले अधिकतम फाइदा !!**

स्ट्याण्डर्ड चार्टर्ड बैंकमा हामी यो विश्वास गर्दछौं कि, हाम्रा हरेक सेवामा तपाईँलाई थप सुविधा प्रदान गरेर नै हामी तपाईँको सच्चा साझेदार भएका छौं । त्यसैले हाम्रो घरकर्जा सुविधाजनक र लचिलो हुनाको साथै थुप्रै लाभदायक विशेषताहरुले भरिएको छ ।

SCBNL घर कर्जाका सुविधाहरु
- रिफाइनान्स/कर्जा स्थानान्तर सुविधा (वार्षिक न्यूनतम ६% देखि ७% सम्म)
- घरको धितोमा कर्जा
- घर खरिद
- निर्माण
- जग्गा खरिद
- विस्तार/मर्मत

विशेषताहरु
- न्यूनतम ब्याजदर
- अधिकतम कर्जा रकम (लागतको ७०% देखि १००% सम्म कर्जा)
- अधिकतम कर्जा अवधि
- आकर्षक एवं सुविधाजनक तरिकाबाट सम्पत्तिको विमा सुरक्षा योजना एवं भुक्तानी

स्ट्याण्डर्ड चार्टर्ड बैंकमा यति धेरै सुविधा एवं स्वतन्त्रता हुँदा हुँदै किन महंगो ब्याज तिर्ने ! चाँडै गर्नुहोस् आजै स्ट्याण्डर्ड चार्टर्ड बैंकको नजिकैका शाखाहरुमा गई SCBNL घर कर्जाको सुविधा लिनुहोस् ।

हामी हाम्रो उच्चतम लक्ष्य आफ्ना लागि निर्धारण गर्दछौं भने हाम्रो अन्तिम लक्ष्य भनेको तपाईँको आर्थिक सफलता नै हो । विस्तृत जानकारीको लागि, सम्पर्क:

नयाँ वानेश्वर : ४७८१००२, ४७८२३३३ एक्सटेन्सन नम्बर २२६, २३०, ३५५, २१६
लाजिम्पाट : ४४१८४५६
ललितपुर : ५५४०५६६
भैरहवा : ५२४०२९
विराटनगर : ५२८९८३
बुटवल : ५४६८३२
नेपालगञ्ज : ५२५५१४
धरान : ५२०५०५
हेटौंडा : ५२४९७२
पोखरा : ५२१७४६

| Home Loan |

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

C M Y K